फोन नं. ०३५-४२२१३३
ईमेलः-cdoudayapur@gmail.com
कोशी प्रदेश, नेपाल

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

प.सं.: २०८२/८३
च.नं.

मितिः २०८२/११/१५
ने.सं. ११४६ चिल्लाध्व

## मतदानको दिन प्रयोग गर्ने सवारी साधनको अनुमति लिने सम्बन्धी सूचना !!!

२०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सन्दर्भमा निर्वाचन आयोग, नेपालबाट सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत भई कार्यान्वयन भइरहेको छ । सो सम्बन्धमा मतदानको दिन (फागुन २१ गते) कार्यविधि अनुसार अनुमति पाएका सवारी साधन बाहेक कुनै पनि प्रकारका सवारी साधन प्रयोग गर्न नपाइने व्यहोरा अनुरोध गर्दै मतदानका दिन प्रयोग हुने सवारी साधनहरुको अनुमतिको लागि मतदानको दिन भन्दा २ (दुई) अगाडि देहाय बमोजिम प्रक्रिया पूरा गरी जिल्ला प्रशासन कार्यालय उदयपुरबाट, सवारी अनुमति प्राप्त गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

१. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिले दुई, तीन वा चार पाङ्ग्रे मध्ये कुनै एक वटा सवारी साधनको लागि अनुसूची- ३ बमोजिम मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत समक्ष निवेदन दिई मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयमा निवेदन पेश गर्नुहुन,

२. राष्ट्रिय पर्यवेक्षकले दुई वा चार पाङ्ग्रे मध्ये कुनै एक वटा सवारी साधनको लागि मुख्य निर्वाचन अधिकृतको समन्वयमा निर्वाचन अधिकारीको सिफारिस सहित निवेदन पेश गर्नुहुन,

३. संवैधानिक निकायका प्रादेशिक एवं जिल्लास्थित कार्यालयहरुले निर्वाचन अधिकारीको सिफारिस सहित निवेदन पेश गर्नुहुन,

४. सञ्चार माध्यमका हकमा प्रत्येक सञ्चार संस्थालाई कार्यविधिले तोकेको संख्यामा नबढ्ने गरी सवारी साधनको लागि जिल्लास्थित नेपाल पत्रकार महासंघको शाखा कार्यालयको सिफारिस सहित निवेदन पेश गर्नुहुन।

पुनश्चः कार्यविधिको दफा ११ बमोजिम एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दुध ढुवानी गर्ने सवारी, दमकल, दूरसंचार सेवा, शव वाहन, अस्पताल सेवा तथा विद्युत् सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगको सवारी साधनको हकमा अनुमतिपत्र लिनु नपर्ने र सवारी पास लिई सञ्चालन गर्न सकिने बाहेक अन्य सबै सवारी साधनको आवतजावत निषेध गरिएको छ ।

(विक्रम प्रसाद पाण्डेय)
सहायक प्रमुख जिल्ला अधिकारी

अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा

श्री जिल्ला प्रशासन कार्यालय

.......................

मार्फत

श्री मुख्य निर्वाचन अधिकृतज्यू/निर्वाचन अधिकृतज्यू,

........................

विषयः मतदानको दिन सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।

.................... निर्वाचन २०..... मा ............ जिल्लाको ............... क्षेत्र नं. .... प्रतिनिधि सभा सदस्य निर्वाचन/प्रदेश सभा सदस्य निर्वाचन/स्थानीय तहको ............... पदमा ................................ राजनीतिक दलको उम्मेदवार/स्वतन्त्र उम्मेदवार भएकोले मतदानको दिन देहाय बमोजिमको सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

सवारी साधनको विवरण

| सवारी साधनको किसिम | सवारी साधनको रङ् | सवारी साधनको नम्बर | सवारी धनीको नाम | सवारी चालकको नाम |
|---|---|---|---|---|
| | | | | |

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नामः ...................

निवेदन दिने उम्मेदवार/निर्वाचन प्रतिनिधिको नामः ...............................

सवारी साधन प्रयोग गर्ने स्थानः .....................

दस्तखतः

राजनीतिक दल ................../स्वतन्त्र उम्मेदवार मितिः .........................

मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालयबाट

सिफारिसकर्ताको

दस्तखतः

नामः

पदः

मितिः कार्यालयको छाप